प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

**शैक्षिक शत्र २०७९/०८० मा प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रममा पूर्ण शूल्कीय तर्फको**
**आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !**

(सूचना प्रकाशित मिति २०७९।०४।२७ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट संचालन गरिने **प्रमाणपत्र तह नर्सिङ्ग** कार्यक्रममा शैक्षिक सत्र २०७९/०८० मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का उपाध्यक्षस्तरीय मिति २०७९।०४।२६ गतेको निर्णयानुसार परिषद्बाट संचालन सम्बन्धन/स्वीकृती पाएका आंगिक, साझेदार तथा निजी स्तरमा संचालित देहायका शिक्षालयहरुले परीक्षा नियन्त्रण कार्यालयद्वारा जारी गरिएको "डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका २०७९" बमोजिम पूर्ण शुल्कीय तर्फ विद्यार्थी छनौट गर्न योग्यता पुगेका व्यक्तिहरुबाट मिति २०७९ भाद्र १० गते भित्र रितपूर्वक आवेदन फाराम भर्नु भराउनु हुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

एस.ई.ई/एस.एल.सी/प्रि-डिप्लोमा/प्राविधिक एस.एल.सी तह उत्तीर्ण भएका बिद्यार्थीहरुले पेश गरेका शैक्षिक योग्यता वापत प्रदान गरिने अंक र प्रवेश परीक्षामा प्राप्त गरेको अंकको योगफल अनुसार कार्यक्रम र कोटाहरुमा योग्यताक्रमानुसार छनौट हुने व्यहोरा अनुरोध छ । साथै यस सम्वन्धी विस्तृत विवरण "डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका २०७९" मा उल्लेख गरिएको हुंदा www.ctevtexam.org.np मा राखिएको भर्ना सम्वन्धी निर्देशिका अध्ययन गर्नु हुन समेत अनुरोध छ ।

साथै परिषद्बाट कार्यक्रम सञ्चालन गर्न अनुमती प्राप्त शिक्षालयहरुको नाम, ठेगाना, स्वीकृत कोटा संख्या तथा अन्य विस्तृत जानकारी www.ctevtexam.org.np मा हेर्नुहुन समेत सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**